सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक

# २०८२ मंसीर – फागुन

# सम्पादित प्रमुख क्रियाकलापहरुको विवरण

नेपाली महावाणिज्यदूतावास, कोलकाता

२०८२ चैत्र

नेपाली महावाणिज्यदूतावास कोलकाता

## १. संक्षिप्त परिचय

नेपालको ऐतिहासिक कूटनीतिक विरासत बोकेको कोलकातास्थित नेपाली महावाणिज्यदूतावासले पश्चिम बंगाल क्षेत्रमा रहेका नेपाली नागरिक तथा विदेशीहरूका लागि आवश्यकता अनुसार विभिन्न प्रकारका कन्सुलर सेवाहरू प्रदान गर्दै आएको छ। यस नियोगले राहदानी जारी गर्ने, सरकारी कागजातहरूको प्रमाणीकरण गर्ने र नेपाली नागरिकहरूलाई भारतमा अध्ययन, पेशा वा व्यवसाय गर्नका लागि आवश्यक पर्ने No Objection Certificate (NOC) उपलब्ध गराउने जस्ता महत्वपूर्ण प्रशासनिक कार्यहरू सम्पादन गर्दछ। साथै, यस क्षेत्रमा समस्यामा परेका वा अलपत्र परेका नेपालीहरूको उद्धार र स्वदेश फिर्तीका लागि समन्वयकारी भूमिका निर्वाह गर्दै नियोगले प्रवासमा नेपालीहरूको हित संरक्षणमा अविछिन्न योगदान पुऱ्याउँदै आएको छ।

नेपालको वैदेशिक व्यापार र पारवहनका दृष्टिले यो नियोग अत्यन्त रणनीतिक महत्वको रहेको छ, जसले विशेषगरी कोलकाता बन्दरगाहबाट हुने नेपालको करिब दुई तिहाइ आयातलाई व्यवस्थित र सहजीकरण गर्दछ। रासायनिक मल र राष्ट्र बैंकद्वारा मुद्रित नोटहरू जस्ता संवेदनशील सामग्रीहरूको ढुवानी व्यवस्थापन, व्यापारिक प्रयोजनका लागि No Objection Certificate (NOC) जारी गर्ने र भारतीय सरोकारवाला निकायहरूसँग निरन्तर समन्वय गरी ढुवानीका अवरोधहरू हटाउने लगायतका कार्यहरु पूर्ण जिम्मेवारीका साथ सम्पादन गर्नुका साथै नेपाल र भारतबीचको आर्थिक, सामाजिक, सांस्कृतिक र कूटनीतिक सम्बन्धलाई थप सुदृढ बनाउँदै नेपालको व्यापारिक हित प्रवर्द्धन गर्न यो नियोगले गतिशील सेतुको रूपमा कार्य गरिरहेको छ।

## २. कार्यक्षेत्र

नियोगको कार्यक्षेत्र पश्चिम बंगाल राज्यभर रहेको छ।

## ३. काम कर्तब्य र अधिकार


- ई-पासपोर्ट सेवा।
- भिषा सेवा।
- कागजात प्रमाणीकरण सेवा।
- वारेसनामा।
- एनओसी पत्र।
- उद्धार, राहत र स्वदेश फिर्ता।

नेपाली महावाणिज्यदूतावास
कोलकाता

- आर्थिक कूटनीति।
- व्यापार सहजीकरण।

## ४. संगठन संरचना

यस नियोगको संगठन संरचना देहायबमोजिम रहेको छः




नेपाली महावाणिज्यदूतावास कोलकाता

५. नियोगका प्रमुख शाखा/ जिम्मेवार पदाधिकारी र सम्पर्क विवरणः

| सि न | पद | नामथर | शाखा | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | महावाणिज्यदूत | श्री झक्कप्रसाद आचार्य | | +91 33 2456 1224 |
| २ | उप महावाणिज्यदूत | श्री गगन बहादुर बिके | भन्सार | +91 33 2456 1224 (Extn. 213) |
| ३ | उप महावाणिज्यदूत | श्री दीपेश लेखक | व्यापार | +91 33 2456 1224 (Extn. 202) |
| ४ | वाणिज्यदूत | श्री टिकाराम उपाध्याय | प्रशासन-कन्सुलर | +91 33 2456 1224 (Extn. 203) |
| ५ | वाणिज्यदूत | श्री रोशन राई | व्यापार | +91 33 2456 1224 (Extn. 207) |
| ६ | उप वाणिज्यदूत | श्री सुवासचन्द्र वास्तोला | लेखा | +91 33 2456 1224 (Extn. 204) |
| ७ | उप वाणिज्यदूत | श्री सुरेश राज रेग्मी | कन्सुलर | +91 33 2456 1224 (Extn. 205) |

नेपाली महावाणिज्यदूतावास
कोलकाता

## ६. नागरिक वडापत्र

| क्र.सं. | सेवाहरू | चाहिने कागजातहरू | सेवा शुल्क (भा.रू.) | | लाग्ने समय | सम्पर्क व्यक्ति | गुनासो सुन्ने अधिकारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | नयाँ राहदानी बनाउने | • रितपूर्वक भरिएको अनलाइन फारम।<br>• नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र (सक्कल र प्रतिलिपि)।<br>• राजश्व भुक्तानी रसिद। | ३४ पाने | ७०००/- | सोही दिन | श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | राहदानी वितरण राहदानी विभागबाट प्राप्त भएपछि। |
| | | | ६६ पाने | १४०००/- | | | | |
| | | | १० वर्ष मुनिका नावालकहरुका हकमा | ३५००/- | | | | |
| २ | राहदानी नवीकरण | • रितपूर्वक भरिएको अनलाइन फारम।<br>• नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र (सक्कल र प्रतिलिपि)।<br>• पुरानो राहदानी सक्कल<br>• राजश्व भुक्तानी रसिद। | ३४ पाने | ७०००/- | सोही दिन | श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | राहदानी वितरण राहदानी विभागबाट प्राप्त भएपछि। |
| | | | ६६ पाने | १४०००/- | | | | |
| ३ | हराएका, बिग्रिएका, | • रितपूर्वक भरिएको अनलाइन फारम। | ३४ पाने | १४,०००/- | सोही दिन | | | राहदानी वितरण |

नेपाली महावाणिज्यदूतावास कोलकाता

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जलेका वा केरमेट भएका राहदानी नवीकरण | • नेपाली नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र (सक्कल र प्रतिलिपि)।<br>• पुरानो राहदानी छाँया प्रति।<br>• राजश्व भुक्तानी रसिद। | ६६ पाने | २८,०००/- | | श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | राहदानी विभागबाट प्राप्त भएपछि। |
| ४ | एकातर्फि यात्रा अनुमतिपत्र | • रितपूर्वक भरिएको आवेदन फारम।<br>• नेपाली नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र वा राहदानीको (सक्कल र प्रतिलिपि)।<br>• दुई प्रति फोटो<br>• राजश्व भुक्तानी रसिद। | ५० अमेरिकी डलर वरावर हुने भारतीय रूपैया | | ३ घण्टाभित्र | श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | उद्धार र स्वदेश फिर्तीका लागि यात्रा कागजात निःशुल्क। |
| ५ | पर्यटन प्रवेशाज्ञा | • रितपूर्वक भरिएको अनलाइन फारम।<br>• राहदानी सक्कल र छाँयाप्रति।<br>• राजश्व भुक्तानी रसिद।<br>• कन्सुलर अफिसरले आवश्यक ठानेको अन्य कागजात। | १५ दिन अवधिको | २,५००/ | ३ घण्टाभित्र | श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | सार्क राष्ट्रका नागरिकहरूलाई प्रत्येक वर्ष एक पटकका |
| | | | ३० दिन अवधिको | ४,५००/ | | | | |
| | | | ९० दिन अवधिको | १०,५००/ | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | लागि निःशुल्क। |
| ६ | कूटनीतिक/अफिसीयल भिसाः | • कूटनीतिक नोट वा आधिकारिक पत्र।<br>• रितपूर्वक भरिएको अनलाइन फारमको प्रति।<br>• पासपोर्ट सक्कल तथा प्रतिलिपि। | निःशुल्क | | | ३ घण्टाभित्र | श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | |
| ७ | अधिकृत वारेसनामा | • रितपूर्वक भरिएको आवेदन फारम।<br>• नेपाली नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र (सक्कल र छाँयाप्रति)।<br>• योग्य कानूनी व्यवसायीद्वारा तयार पारिएको अधिकृत वारेसनामा दुई प्रति।<br>• राजश्व भुक्तानी रसिद। | अचल सम्पत्तिको हक हस्तान्तरण | तीन पुस्तासम्म | ३१२.५० | ३ घण्टाभित्र | श्री सरेशराज रेग्मी, उप वाणिज्यदूत | श्री झक्क प्रसाद आचार्य, महावाणिज्यदूत | |
| | | | | तीन पुस्ता वाहेकमा | ३१२५/- | | | | |
| | | | अचल सम्पति वाहेकका वारे | | ३१२.५० | | | | |
| ८ | सहि तथा छाप | • आवेदन फारम। | महत्वपूण घटना (जन्म, विवाह, मृत्यु, बसाइसराई) सँग सम्बन्धित | | ३,५००/- | ३ घण्टाभित्र | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्रमाणीकरण | • नेपाल सरकारको कन्सुलर सेवा विभाग वा भारतको विदेश मन्त्रालयको क्षेत्रिय सचिवालय, कोलकाताद्वारा प्रमाणीकरण गरिएको कागजातको सक्कल र छाँयाप्रति<br>• राजश्व भुक्तानी रसिद। | महत्वपूण घटना (जन्म, विवाह, मृत्यु, बसाइसराई) वाहेकका | १,०००/- | | श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | |
| | | | शैक्षिक प्रमाणपत्रहरू | ५००/- | | | | |
| ९ | विवाहका लागि NOC | • आवेदन फारम।<br>• नेपालको कन्सुलर सेवा विभागद्वारा प्रमाणीकरण गरिएको अविवाहित प्रमाणपत्रको सक्कल र छाँयाप्रति<br>• राजश्व भुक्तानी रसिद। | | १,०००/- | ३ घण्टाभित्र | श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | |
| १० | जो जससँग सम्बन्धित पत्र वा सिफारिस | • रितपूर्वक भरिएको आवेदन फारम।<br>• नेपाली राहदानी वा नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र (सक्कल र छाँयाप्रति)।<br>• राजश्व भुक्तानी रसिद। | | १,०००/- | ३ घण्टाभित्र | श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | |
| | | | शैक्षिक प्रमाणपत्रसँग सम्बन्धित सिफारिसहरू | ५००/- | | | | |

नेपाली महावाणिज्यदूतावास कोलकाता

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | अंग प्रत्यरोपण का लागि सिफारिस | • रितपूर्वकको आवेदन<br>• नेपाल सरकारको कन्सुलर सेवा विभागद्वारा जारी सिफारिस पत्र।<br>• अंगदाता (Donor) र प्रासकर्ता (Receiver) दुबैको नेपाली नागरिकताको प्रमाणपत्र, राष्ट्रिय परिचयपत्र वा राहदानी (सक्कल र प्रतिलिपि)।<br>• अंगदाता र प्रासकर्ताको फोटो टाँस गरिएको सम्बन्धित प्रमुख जिल्ला अधिकारीको कार्यालयबाट जारी नाता प्रमाणित प्रमाणपत्र।<br>• नेपाल सरकारको स्वास्थ्य मन्त्रालयद्वारा जारी No Objection Letter I<br>• दाताद्वारा प्रदान गरिएको "स्वीकृति पत्र" (Consent Letter) I<br>• दाताको परिवारदले दिएको"स्वीकृति पत्र" (Consent Letter), जसमा उनीहरूलाई कुनै आपत्ति नभएको स्पष्ट उल्लेख गरिएको हुनुपर्नेछ। | निःशुल्क | ३ घण्टाभित्र | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | श्री झक्क प्रसाद आचार्य, महावाणिज्यदूत | |
| १२ | बिरामी, असहाय व्यक्ति, र दिवंगत नेपाली नागरिकको सहायताको लागि भारत सरकारका सम्बन्धित निकायहरूलाई गरिने पत्राचार/ सिफारिस | • विश्वासिलो कारणसहितको निवेदन | निःशुल्क | एक घण्टाभित्र | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | श्री झक्क प्रसाद आचार्य, महावाणिज्यदूत | |
| १३ | भारत सरकारका सम्बन्धित निकायहरूलाई उद्धार, मानवीय सहायता, तथा आपत्कालीन | • विश्वासिलो कारणसहितको निवेदन | निःशुल्क | एक घण्टाभित्र | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | श्री झक्क प्रसाद आचार्य, | |

महावाणिज्यदूतावास कोलकाता

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | दुर्घटनासम्बन्धी पत्राचार/सिफारिस | | | | | महावाणिज्यदूत | |
| १४ | कोलकाता भन्सारमार्फत नेपालमा सामान आयात गर्न आवश्यक NOC | • आयातकर्ता/सीएचए (Customs House Agent) को घोषणा पत्र।<br>• नेपाल सरकारको वाणिज्य तथा आपूर्ति विभागबाट जारी NOC प्रमाणपत्र।<br>• बिल अफ लाडिङ (Bill of Lading)।<br>• व्यावसायिक बीजक (Commercial Invoice)।<br>• प्याकिङ सूची (Packing List)।<br>• उत्पत्तिको प्रमाणपत्र (Certificate of Goods Origin)।<br>• नेपाल सरकारको आयात इजाजतपत्र (Import License) को प्रतिलिपि।<br>• शुल्क छुटका लागि नेपाल सरकारको कन्सुलर सेवा विभागबाट जारी NOC। | निःशुल्क | कार्यालय समयभित्र | श्री रोशन राई, वाणिज्यदूत | श्री दीपेश लेखक, उपमहावाणिज्यदूत | |
| १५ | अन्य पत्राचार वा सिफारिसहरू | • महावाणिज्यदूतावास कार्यालयमा उपलब्ध आवेदन फारम पूरा भरिएको। | शुल्क नेपाली राजदूतावास नयाँ दिल्लीले तोकेबमोजिम हुने | ३ घण्टाभित्र | श्री सुरेशराज रेग्मी, उपवाणिज्यदूत | श्री टिकाराम उपाध्याय, वाणिज्यदूत | |

७. ऐन/ नियमावली/ कार्यविधि/ निर्देशिका/ कार्यविधि:

<u>ऐनः</u>

- राहदानी ऐन, २०७६
- विदेशी राज्य र कूटनीतिक प्रतिनिधित्वको सुविधा तथा उन्मुक्ति ऐन, २०२७
- गैर आवाशीय नेपाली सम्बन्धी ऐन, २०६४

<u>नियमावली</u>

- राहदानी नियमावली, २०७७
- नेपाल परराष्ट्र सेवा सम्बन्धी नियमहरु, २०६८
- अवैतनिक नेपाली दुतावास सम्बन्धी नियमावली, २०३९
- कुटनीतिक आचारसंहिता,२०६८

<u>निर्देशिका</u>

- राहदानी निर्देशिका,२०६७
- आर्थिक कूटनीतिक सम्बन्धी कार्यक्रम निर्देशिका,२०७१
- विदेशस्थित कुटनीतिक नियोगमा काम गर्ने स्थानीय कर्मचारी व्यवस्थापन सम्बन्धी निर्देशिका,२०७२
- परराष्ट्र मन्त्रालय र अन्तरगतका विभाग कार्यालय तथा विदेशस्थित कुटनीतिक नियोगहरुको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका,२०७२
- राजदूत नियुक्ति सम्बन्धी निर्देशिका,२०७५
- नेपाली महावाणिज्यदूतावास, कोलकाताका स्थानीय कर्मचारीहरुको आचारसंहिता सम्बन्धी व्यवस्था, २०८२

<u>कार्यविधि</u>

- विदेशस्थित नेपाली नियोगको सार्वजनिक खरिद कार्यविधि,२०७३
- विदेशस्थित नेपाली नियोग आर्थिक कार्यविधि,२०७९

८. **निर्णय गर्ने प्रक्रिया र निर्णय उपर उजुरी सुन्ने अधिकारी**

महावाणिज्यदूत श्री झक्कप्रसाद आचार्य

नेपाली महावाणिज्यदूतावास
कोलकाता

## ९. आ ब २०८२/८३ को कुल बजेट र खर्चको स्थिति

| सि.नं. | बजेट शीर्षक | वार्षिक बजेट रु. | फागुन महिनासम्मको | | | |
|---|---|---|---|---|---|---|
| | | | निकासा रु. | खर्च रु. | खर्च % | बाँकी बजेट रु. |
| १ | चालू खर्च | ४४२८४००० | ३८९२११८५.०९ | २८०६०३८३.२६ | ७२.१० | १६०७१४७४.२३ |
| २ | पूँजीगत | ७४५६००० | ७४५५९९९.९९ | ३८०५०५१.०८ | ५१.०३ | ३६५०९४८.१० |

## १०. राजस्व संकलनको स्थिति

| सि. नं. | विवरण | रकम भा.रु. |
|---|---|---|
| १ | पर्यटन प्रवेशाज्ञा (भिषा शुल्क) | १,२१,०००.०० |
| २ | साधारण राहदानी जारी | २१,०००.०० |
| ३ | हवाई यात्रा अनुमतिपत्र | ९,०००.०० |
| ४ | शैक्षिक प्रयोजनार्थ कागजातहरू | १५००.०० |
| ५ | अन्य कन्सुलर सम्बन्धी कागजातहरू | १६०००.०० |
| ६ | अन्य (लिलाम विक्री र फ्रिज तथा सेक्युरिटी डिपोजिट रकम) | २,६१,९१६.०० |
| | जम्मा भा. रु. | ४,४२,४१६.०० |

## ११. गुनासो व्यवस्थापनः

| यस अवधिमा प्राप्त गुनासो | फर्छ्यौट | बाँकि |
|---|---|---|
| छैन। | | |

नेपाली महावाणिज्यदूतावास
कोलकाता

१२. नियोगबाट सम्पादित प्रमुख कार्यहरु:

यस महावाणिज्यदूतावासबाट २०८२ सालको कार्तिक, मंसीर, माघ र फागुन महिनामा सम्पादित प्रमुख क्रियाकलापहरु देहाय अनुसार रहेका छन्।

(क) प्रमुख आर्थिक, व्यापारिक, औद्योगिक, सांस्कृतिक, प्राज्ञिक, वैज्ञानिक तथा वित्तीय सम्बन्धी घटनाक्रम

- वीरगञ्जमा कार्यरत आर्थिक बिट हेर्ने पत्रकारहरूको ३ दिने कोलकाता भ्रमणको क्रममा बन्दरगाह, भन्सार प्रशासन, सिपिङ कम्पनी, भन्सार एजेन्ट, नेपाली समुदाय लगायतका सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रमका लागि समन्वय गरिएको। साथै, नियोगमा सबै कर्मचारीको उपस्थितिमा अन्तरक्रिया गरिएको।
- नेपाल भारत व्यापार सहजीकरणको क्रममा रेलवे र्‍याक उपलब्ध नभई आपूर्ति श्रृंखलामा देखिएको अवरोध हटाउन कोलकातास्थित Eastern Railway Department का पदाधिकारीहरूसँग भेट गरी सुचारु गर्ने प्रयास गरिएको।
- नेपाल बैंकर्स एसोसिएसनको संयोजनमा नेपालका वाणिज्य बैंकका अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी डेस्क हेर्ने १८ जना कर्मचारीहरूलाई कोलकाता पोर्ट र भन्सारबाट नेपालमा हुने अन्तर्राष्ट्रिय व्यापार सम्बन्धमा स्थलगत भ्रमण र दुवै निकायका उच्च तहका पदाधिकारीहरूसँग बैंक र पोर्ट/भन्सार तथा नेपालका बैंकहरूबीच रहेका द्विविधा र आगामी दिनमा गर्नुपर्ने समन्वय लगायतका विषयमा छलफल/अन्तरक्रिया सहितको अवलोकन भ्रमण सम्पन्न गरिएको।
- भारतको परराष्ट्र मन्त्रालय र कोलकातास्थित Association of Indian Chambers and Industry को संयोजनमा कोलकातामा आयोजना भएको Building Global Capabilities for International Trade with South and Southeast Asia विषयक कार्यक्रममा सहभागिता रहेको। उक्त

नेपाली महावाणिज्यदूतावास कोलकाता

कार्यक्रममा भारत र अन्य देशहरूसँगको नेपालको व्यापारको स्थिति र भविष्यमा अवलम्बन गर्नुपर्ने कार्यदिशा सहितको मन्तव्य महावाणिज्यदूतबाट प्रस्तुत गरिएको।

- West Bengal Government ले आयोजना गरेको "Business and Industry Conclave, 2025 the 15 Years Pioneering Progress" कार्यक्रममा सहभागिता रहेको। यसबाट पश्चिम बंगाल सरकारको विभिन्न क्षेत्रमा १५ वर्षको अवधिको समग्र विकास र आगामी दिनमा लगानीका लागि सम्भाव्य क्षेत्र र लागतबारे छलफल भएको। उक्त कार्यक्रममा विश्व बैंकका पदाधिकारीहरूको समेत सहभागिता रहेको।
- कोलकातामा आयोजित 24th India International Mega Trade Fair कार्यक्रममा नियोगको सहभागिता रहेको।
- कोलकाता पोर्टमा नेपालको लागि आयात भइरहेको रासायनिक मलको व्यवस्थापन र ढुवानी सम्बन्धी विषयमा स्थलगत अनुगमन गरी समयमा मल ढुवानीका लागि सहजीकरण गरिएको।
- तेस्रो मुलुकबाट नेपालमा कोलकाता बन्दरगाह हुँदै आयात हुने कोइलामा कमसल खालको कोइला मिसावट गरी पठाएको भन्ने नेपाली व्यवसायीहरूको गुनासो सम्बोधनका लागि कोलकातास्थित क्लियरिङ एजेन्टसँग छलफल गरी भन्सार तथा पोर्टका अधिकारीहरूलाई प्रत्यक्ष भेट गरी जानकारी गराइएको। साथै, सो सम्बन्धमा कूटनीतिक माध्यमबाट समेत पहलका लागि भारतीय विदेश मन्त्रालयको शाखा कार्यालय कोलकातामार्फत सम्बन्धित निकायको सहयोग र सहजीकरणका लागि अनुरोध गरिएको।
- साल्ट ट्रेडिङ कर्पोरेसनमार्फत नेपालमा आयात भइरहेको रासायनिक मल पैठारीको वर्तमान अवस्थाबारे जानकारी लिन मिति २०२६ मार्च १३ गते नियोग प्रमुखसहितको कूटनीतिक पदाधिकारीको टोलीले कोलकातास्थित डायमण्ड हार्बरको स्थलगत निरीक्षण गरेको छ। उक्त अवसरमा मदर भेसल (Mother Vessel) बाट साना पानी जहाजहरूमा मल लोड गर्ने कार्यको

नेपाली महावाणिज्यदूतावास कोलकाता

प्रत्यक्ष अवलोकन गर्नुका साथै ढुवानी प्रक्रियामा संलग्न भारतीय प्रतिनिधि तथा नेपाली आयातकर्ताका प्रतिनिधिहरूसँग छलफल गरियो। सो छलफलमा रासायनिक मलको ढुवानीलाई थप द्रुत, सहज र प्रभावकारी बनाउन आवश्यक समन्वय गर्दै सम्बन्धित पक्षलाई शीघ्र कार्यसम्पादनका लागि विशेष निर्देशन दिइएको।

❖ मिति ५ मार्च २०२६ मा नियोग प्रमुखसहित नियोगका पदाधिकारीहरूले Haldia Port को भ्रमण गरियो। उक्त पोर्टमा भर्खरै सरुवा भई आउनुभएका कार्यकारी निर्देशकसँग भेटघाट गरी नेपालको यस पोर्टबाट हुने व्यापारका बारेमा छलफल भयो। हाल पोर्टमा नेपाली कार्गोको मौजुदा अवस्था, रेल र्‍याकको उपलब्धता, नेपाली कार्गो क्लियरेन्सका क्रममा मजदुरद्वारा सिर्जित अवरोध लगायतका विषयमा नियोग पदाधिकारीहरूले जिज्ञासा राख्नुभएको थियो। यी समस्याहरूको पोर्टका पदाधिकारीहरूले तत्काल सम्बोधन गर्ने विषयमा विश्वास व्यक्त गर्नुभयो। साथै, केही नेपाली व्यवसायीहरूको लामो समयदेखि पोर्टमा अलपत्र रहेको कोइलाको भण्डारण र ढुवानीका विषयमा समेत छलफल गरियो। आगामी दिनमा नियोग र पोर्टबीच समन्वय तथा सूचना आदान प्रदानलाई व्यवस्थित बनाउने विषयमा समेत छलफल गरिएको।

❖ रेल र्‍याकको अभावमा तेस्रो मुलुकबाट आयातित सामानहरू कोलकाता बन्दरगाहबाट वीरगञ्जसम्म रेलमार्फत हुने ढुवानीमा भइरहेको ढिलाइका विषयमा नेपाली व्यवसायीहरूबाट प्राप्त गुनासोका सम्बन्धमा कोलकातास्थित Pristine Group, Container Corporation of India, Hind Terminal लगायत रेल अपरेटरहरू, Kolkata Port तथा Haldia Port र भन्सारका सरोकारवाला निकायसँग छलफल गरिएको छ। छलफलका क्रममा Hajipur Railway Junction बाट हुने Rail Restriction का कारण आपूर्ति श्रृंखलामा प्रभाव परेको जानकारी गराइएको। यस सम्बन्धमा दिल्ली दूतावासका इकोनोमिक मिनिस्टरसँग समन्वय गरी भारत सरकारको रेल मन्त्रालयसँग अनुरोध गर्ने पहल भएको।

नेपाली महावाणिज्यदूतावास
कोलकाता

- Nepal Vegetable Ghee Oil Manufacturers Association को मिति १६ फेब्रुअरी २०२६ को पत्रमार्फत केही तेल लोडिङ टर्मिनलहरूमा देखिएको समस्याका कारण नेपालतर्फ जाने तेल ट्यांकरहरूको लोडिङ तथा ढुवानी प्रक्रियामा ढिलाइ भइरहेको विषयमा जानकारी प्राप्त भएकोले नेपालतर्फ गन्तव्य भएका तेल ट्यांकरहरूको शीघ्र तथा सहज आवागमन सुनिश्चित गर्न सम्बन्धित निकायसँग आवश्यक सहजीकरण तथा सहयोगका लागि हल्दिया पोर्टका पदाधिकारीहरूसँग छलफल तथा समन्वय गरिएको।
- यस महावाणिज्यदूतावासको निरन्तर Follow Up बाट कोलकाताबाट नेपालको विराटनगर सुख्खा बन्दरगाहसम्म रेलमार्फत कार्गो ढुवानी गर्न सकिने गरी ट्रान्सिपमेन्टको व्यवस्था गरेको सार्वजनिक सूचना २६ फेब्रुअरी २०२६ मा जारी गरेको छ। यसबाट कोलकाता/हल्दिया पोर्टबाट सिधै विराटनगर सीमा नाकासम्म रेलमार्फत सबै प्रकारका कार्गो ढुवानी गर्ने बाटो खुलेको छ। यसको लागि नेपाल सरकारले जोगबनी विराटनगर खण्डको Railway Track मर्मत कार्य सम्पन्न भएपछि सेवा सुचारु हुने भारतीय पक्षले जानकारी गराएको।

**(ख) आर्थिक कूटनीति अन्तर्गत नेपालको पर्यटन, निर्यात व्यापार, आयात प्रतिस्थापन, लगानी प्रवर्द्धन सम्बन्धी**

- भारतको जोगबनी सीमामा एक दिने निर्यात तथा लगानी प्रवर्द्धन सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रममा नेपालका विभिन्न क्षेत्रका व्यवसायी, स्थानीय प्रशासन, भन्सार तथा अन्य सरकारी निकायका पदाधिकारी र भारतीय भन्सार तथा रेल सेवा सम्बद्ध पदाधिकारीहरूको राम्रो उपस्थितिमा व्यापक छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।

नेपाली महावाणिज्यदूतावास कोलकाता

- परराष्ट्र मन्त्रालय र नेपाल लगानी बोर्डको आयोजनामा मिति २०८२/९/२४ मा लगानी प्रवर्द्धन सम्बन्धी भर्चुअल माध्यमबाट भएको बैठकमा नियोगका सबै कर्मचारीहरूको सहभागिता रहेको तथा पश्चिम बंगाल क्षेत्रबाट नेपालमा लगानी सम्बन्धी धारणा प्रस्तुत गरिएको। साथै, मिति २०८२/९/२५ मा माननीय परराष्ट्र मन्त्रीज्यू र श्रीमान् परराष्ट्र सचिवज्यूको भर्चुअल माध्यमबाट भएको निर्देशनमा नियोगका सबै कर्मचारीको सहभागिता रहेको।
- नेपाली महावाणिज्यदूतावास कोलकाता, नेपाल पर्यटन बोर्ड र बुद्ध एयर नेपालको संयुक्त आयोजनामा कोलकातामा १ दिने Nepal Sales Mission, *a B2B Networking* कार्यक्रम यही माघ १६ गतेका दिन सफलतापूर्वक आयोजना गरियो। कार्यक्रममा नेपालका करिब ३० जना र भारतका करिब १५० जना ट्राभल तथा टूर व्यवसायीहरूको सहभागितामा B2B Networking Session सम्पन्न भएको थियो। उक्त कार्यक्रममा कूटनीतिक नियोगका पदाधिकारीहरू, कोलकातामा रहेका नेपालसँग सम्बन्धित व्यवसायी, पत्रकार र नेपाली समुदायका सदस्यहरूको सहभागिता रहेको थियो।
- कोलकातास्थित Kolkata Society for Asian Studies, Department of International Relation, Jadhavpur University र Indian Council of World Affairs (ICWA) को संयुक्त आयोजनामा भएको *A Decennium of "India's Neighborhood First Policy"* नामक अन्तर्राष्ट्रिय सम्मेलनमा नियोगका अधिकारीहरूको सहभागिता रहेको।
- एसोसिएसन अफ सिपिङ इन्ट्रेस्ट इन कोलकाता (ASIC) बाट मिति २२ जनवरी २०२६ मा प्राप्त पत्रमार्फत वीरगञ्जस्थित ICD र सुख्खा बन्दरगाहमा लामो समयदेखि खाली रहेका सिपिङ कन्टेनरहरू फिर्ता लैजाने सम्बन्धमा सहजीकरणका लागि अनुरोध भई आएअनुसार सो सम्बन्धमा आवश्यक सहजीकरणका लागि नेपाल सरकारका सम्बद्ध निकायहरुमा अनुरोध गरिएको।

नेपाली महावाणिज्यदूतावास
कोलकाता

(ग) द्विपक्षीय भेटघाट र बैठक सम्बन्धी

- Confederation of Indian Industry, कोलकाताद्वारा आयोजित सबै व्यावसायिक संगठनहरूको छलफल तथा अन्तरक्रिया कार्यक्रममा सहभागिता रहेको।
- कोलकातास्थित German Consulate को राष्ट्रिय दिवस कार्यक्रममा सहभागिता रहेको।
- डिसेम्बर १६, २०२५ मा भुटान सरकारको राष्ट्रिय दिवसको उपलक्ष्यमा कोलकातास्थित महावाणिज्यदूतावासमा आयोजित कार्यक्रममा सहभागिता रहेको।
- कोलकातास्थित Consular Corps of Kolkata द्वारा आयोजित मासिक नियमित बैठकमाहरुमा नियोगको तर्फबाट नियोग प्रमुख र तथा अन्य कूटनीतिक पदाधिकारीहरुको सहभागिता रह्यो। हरेक महिनाको बैठकमा कुनै एक कूटनीतिक नियोगले आफ्नो देशको पर्यटन, व्यापार तथा लगानीका विविध पक्षबारे श्रव्य दृश्य माध्यमबाट प्रस्तुतीकरण गर्ने परम्परा अनुसार आगामी महिनाको बैठकमा नेपालको तर्फबाट आफ्नो प्रस्तुतीकरण गर्ने जिम्मेवारी प्राप्त भएको।
- मिति २०२६ मार्च १२ गते लोक भवनमा आयोजित पश्चिम बंगालका नवनियुक्त माननीय राज्यपाल श्री आर.एन. रविको शपथ ग्रहण समारोहमा यस नियोगको तर्फबाट नियोग प्रमुख तथा वाणिज्यदूतको उपस्थिति रह्यो। उक्त विशेष समारोहमा सहभागी भई नियोगको तर्फबाट नवनियुक्त राज्यपाललाई शुभकामना तथा बधाई ज्ञापन गरियो।
- मिति २६ फेब्रुअरी २०२६ मा यहाँस्थित जापानीज कन्सुलेटले जापानका सम्राटको जन्मोत्सवको अवसरमा आयोजना गरेको कार्यक्रममा नियोग प्रमुख सहित अन्य कूटनीतिक कर्मचारीहरूको सहभागिता रहेको।

नेपाली महावाणिज्यदूतावास
कोलकाता

(घ) अन्य सान्दर्भिक विषयहरू

- ❖ नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८२/६/२३ को निर्णयानुसार नेपाली महावाणिज्यदूतावास, कोलकाता र भारतीय रेल विकास निगम बीच जग्गा साटफेर लगायतका विषयहरू समावेश भएको MoU मा भारतीय रेल विकास निगम, कोलकाता मेट्रो रेलवे र नियोगको संयुक्त रूपमा हस्ताक्षर गर्ने कार्य सम्पन्न भएको।
- ❖ यस नियोगको नयाँ निर्माण हुन गइरहेको कार्यालय भवन तथा कम्पाउन्डको नक्सा सम्बन्धमा भारतीय रेल विकास निगमका पदाधिकारीहरूसँग छलफल गरी अन्तिम रूप दिने प्रयोजनका लागि शहरी विकास तथा निर्माण विभागबाट खटिनुभएका ई. विवेक सिग्देल प्राविधिक र रेल विकास निगमका पदाधिकारीसँग स्थलगत रूपमा छलफल गरी आगामी दिनमा सम्पन्न गर्नुपर्ने कार्यहरूको कार्ययोजनासहित तयार गरी दुवै पक्षको हस्ताक्षर गरिएको।
- ❖ बंगलादेशका पूर्व प्रधानमन्त्री बेगम खालिदा जियाको देहावसानमा कोलकातास्थित हाइकमिसनमा राखिएको समवेदना किताबमा नेपाल र नियोगको तर्फबाट समवेदना सन्देश लिखित रूपमा पठाइएको।
- ❖ मन्त्रालयको निर्देशनअनुसार यस नियोगका वाणिज्यदूत/सूचना अधिकारी श्री टिकाराम उपाध्यायलाइ प्रवक्ता तोकी सोको जानकारी नियोगको वेबसाइटमा समेत अद्यावधिक गरिएको।
- ❖ मन्त्रालयको निर्देशनबमोजिम २०८२।१०।०१ गते यस नियोगका सबै कर्मचारीहरूको सहभागितामा राष्ट्रिय योग दिवस मनाइयो। यस अवसरमा योग सम्बन्धी जानकार नियोगका कर्मचारीबाट योग प्रशिक्षण तथा अभ्यासका क्रियाकलाप गरिएको।
- ❖ यस नियोगको परिसरमा प्रस्तावित सीमा पर्खाल (Boundary Wall) को डिजाइन सम्बन्धमा रेल विकास निगम लिमिटेड (RVNL) बाट प्राप्त प्रस्तावउपर नेपाली पक्षका प्राविधिक सुझावहरू

नेपाली महावाणिज्यदूतावास कोलकाता

समावेश गरी परिमार्जित डिजाइन पेश गर्न र उक्त परिमार्जित डिजाइन प्राप्त भएपश्चात् उत्तरतर्फबाट सीमा पर्खाल निर्माण कार्य अघि बढाउन पत्राचार गरिएको छ। साथै, भवनको Architectural Design स्वीकृतिको अन्तिम चरणमा रहेको सन्दर्भमा सो प्रक्रियालाई पूर्णता दिन आवश्यक पर्ने संरचनात्मक डिजाइन (Structural Design) यथाशीघ्र उपलब्ध गराउन समेत RVNL लाई अनुरोध गरिएको ।

१३. <u>सुशासन र सेवा प्रवाह सम्बन्धी</u>

- राहदानी संख्याः ०३
- यात्रु अनुमति पत्र (NOC) जारी संख्याः ०९
- भिषा जारी संख्या (ग्राटिस सहित): ३९
- कन्सुलर कागजात संख्या (TWIMC): १६
- सहजीकरण पत्र संख्याः ०२
- अध्ययन प्रयोजनका लागि आवश्यक कागजात/प्रमाणिकरणः ०३

१४. नेपालीको उद्धारमा सहजीकरण सम्बन्धी/ अन्य उद्धारः
भारतको पश्चिम बंगाल क्षेत्रमा हराई/वेपत्ता भई विभिन्न सेल्टर होमहरूमा रहेका देहायका नेपालीलाई महावाणिज्यदूतावाबाट नुवाकोट भोजपुर र संखुवासभाका ३ जनालाई उद्दार गरी काकडभिट्टा/पानी ट्याङ्की नाकासम्म पुऱ्याएर काकडभिट्टास्थित स्थानीय प्रहरीको रोहवरमा निजहरूका सम्बन्धित परिवारलाई जिम्मा लगाइएको।

नेपाली महावाणिज्यदूतावास
कोलकाता

१५. आयात/निर्यात तथा पारवहन सहजीकरणसम्बन्धी कार्यहरूः

| क्र. सं. | सेवाको विवरण | संख्या |
|---|---|---|
| १ | Letter of Credit (LC) विना तेस्रो मुलुकबाट आयात भएका मालवस्तुहरु कोलकाता पोर्ट हुँदै नेपाल पठाउँदा महावाणिज्यदूतावासबाट जारी गरेको अनुमति पत्र (NOC) संख्या | २१५८ |
| २ | तेस्रो मुलुकबाट Letter of Credit (LC) मार्फत आयात गर्ने मालवस्तुहरूको नेपाल नेपाल राष्ट्र बैंकबाट प्राप्त विवरण कोलकाता भन्सार पठाइएको संख्या | ७१ |
| ३ | नेपाल राष्ट्र बैंकको नोट आयातको लागि दूतावासले जारी गरेको पत्र संख्या | ४ |

१६. सूचना अधिकारी र प्रमुखको नाम र सम्पर्क नम्बर

- कार्यालय प्रमुखः श्री झक्कप्रसाद आचार्य, सम्पर्क नम्वरः +91 33 2456 1224
- सूचना अधिकारीः श्री टिकाराम उपाध्याय, सम्पर्क नम्वरः +९१-९१४७१८८०६४

१७. वेब साइडको विवरणः

नेपाली महावाणिज्यदूतावास कोलकाताः ccu.nepalcosulate.gov.np

ली महावाणिज्यदूतावास
कोलकाता